राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २५३ २०८३ वैशाख ४ गते शुक्रवार (17 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## राहदानी-लाइसेन्स अब घरमै सेवा

दैनिक समाचारदाता

काठमाडौं, ३ वैशाख । सरकारले नागरिकलाई सहज, छरितो र झन्झटरहित सेवा उपलब्ध गराउने उद्देश्यले राहदानी र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) घरदैलोमै पुर्‍याउने व्यवस्था सुरु गरेको छ। शासकीय सुधारको एक सय दिने कार्यसूचीअन्तर्गत अत्यावश्यक सरकारी कागजात घरमै पुर्‍याउने योजना कार्यान्वयनमा आएपछि नागरिकले राहत महसुस गर्न थालेका छन्।



गत चैत १३ गते सार्वजनिक गरिएको कार्ययोजनाअनुसार सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाको पहलमा यो सेवा अघि बढाइएको हो। मन्त्री तिमिल्सिनाले हुलाक सेवा विभागलाई गृह मन्त्रालय र राहदानी विभागसँग समन्वय गरी प्रभावकारी रूपमा सेवा सञ्चालन गर्न निर्देशन दिएका छन्।

हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पङ्गेनीका अनुसार मकवानपुर, म्याग्दी र डडेलधुरा लगायत जिल्लाहरूमा यो सेवा परीक्षणका रूपमा सफलतापूर्वक सञ्चालन भइरहेको छ। अन्य जिल्लाहरूमा पनि स्थानीय आवश्यकताअनुसार कार्ययोजना तयार पारिँदैछ, साथै राहदानी बनाउँदा सेवाग्राहीको पूर्ण ठेगाना सङ्कलन गर्ने प्रक्रिया सुरु गरिएको छ।

यसैक्रममा म्याग्दीका प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बुधबार बेनी नगरपालिका(२ र ६ मा स्वयं पुगेर ६ वटा राहदानी वितरण गरेका छन्। घरमै सेवा पाएपछि सेवाग्राहीको समय, खर्च र झन्झट घटेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

यो पहलले लामो समयदेखि सुस्त बन्दै गएको हुलाक सेवालाई पुनः सक्रिय र आधुनिक बनाउने अवसरसमेत सिर्जना गरेको छ। अब परम्परागत चिठीपत्र वितरणमा सीमित हुलाकलाई 'सरकारी कुरियर सेवा'का रूपमा रूपान्तरण गर्ने रणनीति सरकारको छ।

भौगोलिक विकटता र जनशक्ति व्यवस्थापनजस्ता चुनौतीका बाबजुद सरकारले स्रोत( साधन परिचालन गर्दै यो सेवालाई देशव्यापी विस्तार गर्ने लक्ष्य राखेको छ। पूर्ण रूपमा कार्यान्वयन भएपछि सामान्य सेवाका लागि पनि घण्टौँ लाइन बस्नुपर्ने र बिचौलियाको भर पर्नुपर्ने बाध्यताको अन्त्य हुने अपेक्षा गरिएको छ।

# इन्धन मूल्यवृद्धिविरुद्ध विद्यार्थीको प्रदर्शन

## यातायात व्यवसायीको भाडा समायोजन माग

दैनिक समाचारदाता

जनकपुरधाम, ३ वैशाख । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि र कर नीतिको विरोध गर्दै संयुक्त विद्यार्थी संगठनहरूले काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गरेका छन्। उनीहरूले पेट्रोलियम पदार्थमा लगाइँदै आएको कर खारेज गरी मूल्य समायोजन गर्न तथा जनताका लागि राहत प्याकेज घोषणा गर्न सरकारसँग माग गरेका छन्।



प्रदर्शनकारीहरूले तत्काल निर्णय लिएर जनजीवन सहज बनाउनुपर्ने माग गर्दै "बाँच्न दे सरकार", "मन्त्रीको सानो सुन, जनतालाई छैन खाने नुन", "बालेन सरकार मूल्यवृद्धि उपहार" लगायतका नारा लगाएका थिए।

यता, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले पनि इन्धनको मूल्यवृद्धिका कारण सवारी साधनको भाडादर तत्काल समायोजन गर्न सरकारसँग माग गरेको छ। महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले अन्तर्राष्ट्रिय बजारमा आएको मूल्यवृद्धि र कर नीतिका कारण व्यवसाय सञ्चालनमा कठिनाइ भएको बताए।

उनका अनुसार सरकारले यसअघि गरेको २५ प्रतिशत

## सीमा नीतिबारे नेता मिश्रको आपत्ति, सरकारमाथि आरोप-प्रत्यारोप

सीमावर्ती क्षेत्रका नागरिकलाई अनावश्यक रूपमा दुःख दिने नीति अपनाइएको भन्दै नेपाली कांग्रेसका नेता मनिष कुमार मिश्रले बालेन नेतृत्वको सरकारप्रति आपत्ति जनाएका छन्।



नेता मिश्रले सीमावर्ती क्षेत्रका किसान र स्थानीयलाई दिइँदै आएको सहजता खुम्च्याएर सरकारले व्यापार तथा आवागमनलाई तस्करीमा परिणत गराउन खोजेको आरोप लगाए। उनका अनुसार सरकारले एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा पनि भन्सार लागू गर्ने व्यवस्था गरेर सीमा क्षेत्रका नागरिकलाई थप मारमा पारेको छ।

उनले नेपाल-भारतबीच


*बाँकी पृष्ठ ३मा*

## कला जोगाऔँ, संस्कृति बचाऔँ ।

- कलालाई सिर्जनशीलता, राष्ट्रको पहिचान र सभ्यताको प्रतीकका रूपमा बुझौँ,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौँ,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौँ,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔँ,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौँ,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔँ,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔँ,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔँ,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔँ,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुर्‍याऔँ

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# पारदर्शितामाथि राजनीति हाबी

मधेश प्रदेशअन्तर्गत पूर्वाधार विकास कार्यालय, महोत्तरीले हालै देखाएको पारदर्शितामुखी पहलले प्रशासनिक सुधारको सम्भावना झल्काएको थियो । २५ लाख रुपैयाँसम्मका योजनाका लागि १५ वटै पालिकाका वडा कार्यालयहरूमा सिधै उपभोक्ता समिति गठनसम्बन्धी पत्र पठाउने र त्यसलाई वेबसाइटमार्फत सार्वजनिक गर्ने कदम सामान्य प्रशासनिक प्रक्रिया मात्र होइन, विगतका विकृत अभ्यासहरूविरुद्धको एउटा सकारात्मक सन्देश पनि थियो।

विगतमा यस्ता पत्रहरू मन्त्री, सांसद, तिनका आसेपासे वा बिचौलियामार्फत अनौपचारिक रूपमा वितरण हुने गरेको आरोप सर्वविदित छ । यसले योजना छनोटदेखि कार्यान्वयनसम्म अपारदर्शिता, पहुँचको दुरुपयोग र कमिसनको खेललाई संस्थागत रूप दिएको थियो। यही कारणले अघिल्लो वर्ष वडाध्यक्षहरूले तालाबन्दीसम्म गर्नुपरेको स्थिति सिर्जना भएको थियो। यस्तो पृष्ठभूमिमा कार्यालय प्रमुख सीडीई कार्तिकेश झाले अवलम्बन गरेको पारदर्शी प्रक्रिया सुधारतर्फको महत्वपूर्ण पाइला मानिन्थ्यो।

तर दुर्भाग्यवश, यही पहल केही राजनीतिक वृत्तका लागि असहज बन्यो । आफ्ना 'मान्छे'मार्फत प्रक्रिया नियन्त्रण गर्ने पुरानो अभ्यासमा आदी बनेका केही सांसद र पूर्वमन्त्रीहरूले यस कदमप्रति असन्तुष्टि जनाउँदै प्रत्यक्ष दबाब दिएको तथ्यले हाम्रो प्रशासनिक संस्कृतिको गम्भीर कमजोरी उजागर गर्छ । "पत्र हामीलाई नै दिनुपर्छ" भन्ने आग्रह केवल व्यक्तिगत स्वार्थको अभिव्यक्ति मात्र होइन, प्रणालीमाथि राजनीतिक हस्तक्षेपको स्पष्ट संकेत पनि हो।

झाको सरुवा यस सन्दर्भमा अझै प्रश्नास्पद देखिन्छ। कानुनी प्रक्रियाबाट विचलित नभएको, पारदर्शितालाई प्राथमिकता दिएको एक कर्मचारीलाई पुरस्कृत गर्नुको सट्टा सरुवा गर्नुले कस्तो सन्देश दिन्छ? यसले स्पष्ट रूपमा देखाउँछ, हाम्रो प्रशासनिक संरचनामा अझै पनि इमानदार पहलभन्दा 'अनुकूलता' बढी महत्त्वपूर्ण ठानिन्छ ।

राजनीतिक परिवर्तनसँगै सुशासन र पारदर्शिताको अपेक्षा गरिन्छ। तर व्यवहारमा पुरानै प्रवृत्ति दोहोरिनु, नयाँ अभ्यासलाई निरुत्साहित गर्नु र सुधारका प्रयासलाई दबाउनु गम्भीर चिन्ताको विषय हो। हालको सरकार जुनसुकै दलको नेतृत्वमा भए पनि, उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्ने नाममा बिचौलिया सक्रियता र कमिसन संस्कृतिलाई मौन समर्थन गर्ने हो भने विकासको उद्देश्य नै प्रश्नको घेरामा पर्छ।

२५ लाख रुपैयाँसम्मका अधिकांश योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने वर्तमान संरचनाले स्थानीय स्तरमा पहुँच विस्तार गरेको दाबी गरिए पनि, यसले समान रूपमा अपारदर्शिता र दुरुपयोगको ढोका पनि खुला राखेको छ। बजेट निर्माणदेखि योजना छनोट र कार्यान्वयनसम्म बिचौलियाको प्रभाव रहिरहँदा जनताले अपेक्षा गरेको सुशासन केवल नारामै सीमित हुने खतरा रहन्छ।

यस्तो अवस्थामा आवश्यक छ, नीतिगत स्पष्टता, कार्यान्वयनमा कडाइ र पारदर्शितालाई संस्थागत रूप दिने दृढ राजनीतिक इच्छाशक्ति। सुधारको पहल गर्ने कर्मचारीलाई दण्डित गर्ने होइन, प्रोत्साहित गर्ने संस्कार विकास गर्नुपर्छ। अन्यथा, पारदर्शिताका प्रयासहरू क्रमशः कमजोर बन्दै जानेछन् र प्रणाली फेरि पुरानै चक्रमा फस्नेछ।

अन्ततः, सुशासनको मापन कागजमा होइन, व्यवहारमा देखिनुपर्छ। पारदर्शिता यदि राजनीतिक स्वार्थसँग ठोक्किँदा कमजोर हुन्छ भने त्यो केवल नीतिको विफलता होइन, शासन प्रणालीकै असफलता हो।

# समयको घडामा आशाको पालुवा



संकेत कोइराला

आएर कहिल्यै ऋतु सिद्धिदैन, लाएर माया मुटु रित्तिदैन

स्वीकार मात्र गर एक बार, संसार तिम्रै अनि बार बार !

राष्ट्रकवि माधवप्रसाद घिमिरेले लेखनीमार्फत समय र प्रेमलाई जीवनको चास्नीमा घोलेका थिए । सुख-दुख, हाँसो-आँसु, अँध्यारो-उज्यालो सम्भवतः जीवनको रंग भनेकै यही हो । सुगन्धविनाको फूल, तृप्ति र उद्देश्यविनाको प्राप्ति अनि प्रसन्नताविनाको जीवन व्यर्थ हुन्छ । मान्छेले सुख एकै वस्तुको प्राप्तिबाट पाउँछ भने दुःखका निम्ति धेरै चीजको संयोग मिल्नुपर्छ । धनभित्रको दरिद्रभन्दा गरिबीभित्रको दुःख लाखौँ गुना बेश छ ।

बा भन्थे- बाबु , जत्रो ओढ्ने छ , त्यतिमात्र खुट्टा पसार्नू । तर विडम्बना म सत्य चाहन्छु, असत्य छ । जीवन चाहन्छु, मरण छ । संयोग खोज्छु, वियोग छ । पूर्णता खोज्छु, जबर्जस्तसँग अपूर्णता आइलाग्छ । अनि मेरो मानसले भन्यो- हेर, संसार योजनामा चल्दैन । सन्तोषभन्दा ठूलो सफलता अर्को छैन ।

आर्थिक सम्पन्नताको चुली टेकेका बिल गेट्सको डिभोर्स भएको छ । डायनाको एक झल्को पाउन संसारले मरिहत्ते गर्‍यो, तर युवराज चार्ल्सलाई त्यो सम्बन्ध जचेन । आइन्स्टाइनको मस्तिष्क मानव सभ्यताका लागि उपहार बन्यो । उनै महान्आत्मा 'यहुदी'का नाममा जन्मभूमिबाट लखेटिए । स्वरकिन्नरी लतामंगेशकरको स्वरलाई दुनियाँले पूजा गर्‍यो । जीवनको उत्तरार्द्धमा उनले स्वमूल्यांकन गर्दै भनिन्- 'अर्को जन्म हुन्छ भने मलाई लतामंगेशकर भएर जन्मन नपरोस् । यसभित्र कति पीडा छ, त्यसको अनुभव मलाई मात्र छ ।' त्यसैले जे छ त्यसमा चित्त बुझाउनु, जे छैन त्यसका पछिल्तिर नकुद्नु जीवन बाँच्ने असली कला हो । अरुको आँगनको दुबो हरियो देखेजस्तै हो- उपलब्धीको मापन । त्यसमा कुनै सार छैन ।

प्रतिकूल परिवेशमा अनुकूलको जमिन टेक्नु नै सफलताको मापन हो । अहिले जस्तो मेट्रो ट्रेन वा बोइङ चढेर मदन ल्हासा गएको भए ठोकेर भन्न सकिन्छ- मुनामदन कृतिको रचना हुने थिएन । उहिल्यै लाली पाउडर जन्मिएको हुँदो हो त लैला- मजनु, रोमियो-जुलियट यस धरामा देखा पर्ने थिएनन ।

न्युक्लियरको आविष्कार भएको थियो भने रामायण र महाभारतका ती ठेलीको जन्म नै हुने थिएन । मानिस समस्याका कारण आतिन्छन, रुन्छन, कराउँछन, गुनासो गर्छन् । तर समस्या त हरेक युगमा थियो । कपाल फुलेपछि बाउले छोरालाई सरक्क राज्य सुम्पने रामराज्यमा पनि समस्या थिए । समस्याको गाँठो फुकाउन नै त मानव सभ्यता यो धरामा निसृत भएको हो । यही सही प्रयासले नै त उसले आफैँले पत्याउन नसक्ने गरी आविष्कार गर्‍यो ।

शास्त्रले खबरदारी गरेको छ- मुखबाट बोली निकाल्नुअघि एकपटक सोच्नु । लेख्नुअघि दुईपल्ट सोच्नु । केही काम गर्नुअघि तीनपल्ट सोच्नु । सधैं हेक्का राख्नु- घमण्डले मान्छे फुल्न सक्ला तर फैलिन सक्दैन । जो मान्छेसँग धनबाहेक अरु केही छैन, त्यो भन्दा महादरिद्र संसारमा अरु कोही हुँदैन ।

भविष्य रहेसम्म सपना देख्नुपर्छ । चुक घोप्ट्याएजस्तो रात चिर्न सके मात्र विहान आउँछ। आमाले शिशु जन्माएपछि प्रस्रव पीडा बिर्सिएजस्तै भत्किएका सपना टेकेर नयाँ सपना देख्नु जीवन हो शायद । मान्छेको गुनासो र रहर पनि पानीमा लेखिएको अक्षरजस्तै रहेछन् । तरंगित त हुन्छ, स्थायी रहँदैन । पानीले पानीमा कसले पो पानी लेख्न सकेको छ र ? समयसँग जिस्किएर अनि जोरी खोजेर बिताएका ती दिन अब फिर्ता ल्याउन पक्कै सकिन्न ।

सुकर्मले ऊर्जा दिन्छ, दुष्कर्मले खोटी बनाउँछ । सुख खोज्न हिँडेको मानिस दुखको गर्तमा जाकिएको छ । सन्तान चाहिने सम्पतिले पुरिएको छ । सम्पति दरकार पर्ने सन्तानले घेरिएको छ । साधन धनीसँग छ, स्वाद गरिबले पाएको छ । नरम आसन पैसावालले जोडेको छ तर गहिरो निद्रा निर्धनको आँखाभित्र लुकेको छ । फेरिएको त मूलत : अंक मात्र हो।

प्रकृतिका नियम समान छन् । देशको राजनीतिक व्यवस्था फेरिए पनि गाईवस्तुले घाँस चपाएरै उग्राएका छन् । लामखुट्टेले रगत चुसेर भाग्ने क्रम छोडेको छैन । कली धपक्कै बलोस न बाघले कुनै बाहनामा घाँस खान थालेको छैन । मयूरको नाच उही छ । कोइली स्वरको सम्मोहन घटेको छैन । गौंथली गुँडको कलात्मक आकर्षण झन्झन् बढ्दो छ ।सूर्यको पूर्वबाट शुरु भएको यात्रा पश्चिममा घर्किने क्रम यथावत छ । संगीतको सम्पूर्ण काव्य सात सुरमै सीमित छ । कखरा र एबीसीका अक्षर न बढ्न सके, न घट्न । यी यावत दृश्य देख्दादेख्दै पनि मानिसभित्र एउटा छद्म अहं छ, जसले प्रकृतिका हरेक अंशमा आफ्नो स्वामित्व खोज्छ ।

भरिया भएर सन्तानलाई शहरिया बनाउने बा र शहर भासिएका सन्तानबाट एउटा फरिया नपाउँदा पनि गुनासो नगर्ने आमाका सपना पाइला पाइला शहीद हुँदै आएका छन् । निराशाले सबैलाई लपेटेको छ । धेरै मानिस २५ वर्षकै उमेरमा मरेका छन् तर उनीहरुको अन्तिम संस्कार ७५ वर्षमा हुने गरेको छ । आखिर जति नै किताब पढे पनि पीडा लुकाएर हाँस्न र मन बाँधेर बाँच्न त जिन्दगीले नै सिकाउने हो ।

बीस वर्षको उमेरमा एउटा मानिस आफ्नो इच्छामा हिँड्छ, तीस वर्षमा बुद्धि र ४० वर्षमा अनुमानमा हिँड्छ । अज्ञानी हुनु लाजमर्दो होइन, जति सिक्ने इच्छा नराख्नु हो । बाफ बनेर उँडेका सपना एकदिन बादल बनाएर बर्षाउनु सफलता हो । केही यस्तो लेख जुन पढ्न लायक होस, केही त्यस्तो गर लेख्न लायक होस् । आत्मविश्वास पनि छाताजस्तै होस, झरी त रोक्दैन तैपनि बाछिटाबाट बचाउँछ ।

समय घडी हेरेर मात्र नभई बाटो हिँडेर पनि घर्किने रहेछ । धनी र असलमा मान्छेमा फरक के हो भने धनी मानिस अरुको दुःखमा स्वार्थ देख्छ भने असल मानिसले दया । सफल मानिस फैसलाले दुनियाँ बद्ल्छ । असफल मानिस दुनियाँको डरले फैसला बद्ल्छ । जिन्दगीमा यस्तो मानिसलाई किमार्थ अन्याय नगर्नु जो सँग गुहार्न ईश्वरबाहेक कोही हुँदैन । जिन्दगी कुहिरोजस्तै हुन्छ, जति हिँड्दै गयो उति बाटो देखिदै जान्छ । मेहनत, हिम्मत र लगनले सपना सफलतामा अनुवाद हुन्छ । सबै गुमाएर पनि हौसला बाँकी छ भने केही गुमेको छैन ।

टेकेको लाठी, समाएको हाँगा र उक्लिएको सिंढी बिर्सिनेको अस्तित्व एकदिन नामेठ भएर जान्छ । शरीरको सौन्दर्य त भ्रम हो । सबैभन्दा सुन्दर वाणी हो, यसले दिल जित्न र चिर्न दुवै सक्छ । दुनियाँमा समस्या समस्यामा नभएर दृष्टिकोणमा हुन्छ । आफू अज्ञानी छु भन्ने थाहा पाउनु ज्ञानको ठूलो फड्को हो । प्रकृतिको नियम यो छ कि जुन रुखमा मीठो फल हुन्छ, मान्छे त्यहीँ बढी ढुंगा मिल्काउँछन् ।

ठूलो मानिस बन्नु उत्तम हो, अझ राम्रो मान्छे बन्नु सर्वोत्तम हो । हार्दिक सम्बन्धले बाचा, कसम माग्दैन । रोज डे, प्रपोज डे, चकलेट डे जस्तै रोटी डे हुँदो हो त संसारमा कसैले सारंगी पेट बाँच्नु पर्दैनथ्यो । अभावको गीत लेख्न दरबार पर्दैनथ्यो । आखिर जसले जस्तो बाटो बनाउँछ, लक्ष्य उस्तै भेट्ने हो । तागतमा जीवन र कमजोरीमा हार हुन्छ । गल्ती भनेको काममा निरन्तर लागिरहेको सबुत हो । हामी त्यही हौं, जुन आफ्नो सोचले बनाएको हुन्छ । दुःखमा साथ दिनेहरु ईश्वर हुन्छन्, सुखमा साथ दिनेहरु मनुष्य । हरेक विजेता त्यो हार खाएको मानिस हो, जसले फेरि प्रयास गर्न जानेको हुन्छ ।

सपना देख्ने सोख हुनेलाई रात छोटो लाग्छ । जसलाई सपना पूरा गर्ने सोख छ, उसलाई दिन छोटो लाग्छ । कहिले समयअनुसार आवश्यकता बदलिन्छ भने कहिले आवश्यकताअनुसार समय बदि्लदैन । उज्यालोमा त कोही न कोही अवश्य भेटिन्छ, त्यसैले त्यस्तो मानिस खोज्नुस् जसले अन्धकारमा पनि तपाईंलाई साथ दिन्छ । आफैं मेहनत गरेर आफ्नो भाग्य लेख्नू , नत्र परिस्थितिले तपाईंको भाग्य लेखिदिने छ ।

परारजस्तो पोहोर थिएन, पोहोरजस्तो अहिले छैन् । यसरी नै समय बगिरहेको छ । कुखुराले बासेर, मानिसले घण्टाघर जस्तो घडी बनाएर समयलाई कैद गर्ने दुष्प्रयास त गर्‍यो, तर निष्फल हुँदै गइरहेको छ । मानिसले चरा देखेर जहाज बनायो, माछाको जीवन नक्कल गरेर पानी जहाज बनेर तैरिन जान्यो । खै, संसारको सबैभन्दा विवेकशील जुनी पाएको मानिस तर सार्थक मानिस भएर बाँच्न किमार्थ जानेन् ।

आज शहरमा घरभन्दा अग्ला पर्खाल छन् । जनताको भात खाने पैसा काटेर बम, गोली र बारुदमा पैसा स्वाहा बनाइएको छ । आखिर के का लागि ? नीतिमध्ये अब्बल नीति मानिने राजनीतिको एउटै मन्त्र हो- मानव धर्म । तर युद्धका लाभाहरु बीचमा बसेर शान्तिको मन्त्र जप्नुपर्ने यो बाध्यताको जड के हो ? आगोमा हात राख्यो भने पोल्छ । पोल्नु आगोको धर्म हो । हिउँले हात ठिहिर्‍याउँछ । सिस्नुमा हात राख्दा पोलेन भने, जाँड खाँदा लागेन भने त्यो के जाँड, त्यो सिस्नो के सिस्नो ? जाबो एउटा रेसम किराले त मानिसको आङ्लाई वर्षौंसम्म जोगाएर आफूलाई कीर्तिमानी बनाउँछ भने हामीले हाम्रो जीवनलाई सार्थक बनाउन कति गर्नुपर्छ ?

संसारमा सबैभन्दा बढी दिइने तर कम ग्रहण गरिने वस्तु हो- अर्ती । आफूभित्रबाट आत्मसात गरिएको वस्तु मात्र दिगो र चीरस्थायी हुनसक्छ । नयाँ वर्ष शुभकामनामा सीमित भयो भने त्यो देउरालीको ढुंगो घुम्ने कामभन्दा पर नहुने पक्का छ । हरेक समयलाई शुभघडी मान्ने परम्परा बस्यो भने नयाँ वर्षले हैन, कामको प्रतिफलले जीवन नयाँ ढर्रामा प्रवेश गराउँछ । त्यतिबेला उड्न पुतली बन्नु पर्दैन । इन्द्रिय शून्य तौल भएर कावा खान दौडाउने पक्का छ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

## प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

## अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

## महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सलहेस सर्किटमा भक्तजनको महासागर

दैनिक समाचारदाता

लहान, ३ वैशाख । सिराहाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू लहान नगरपालिका-१८ पकडियागढ र लक्ष्मीपुरपतारी-३ स्थित पतारी पोखरीमा वैशाख २ गते हजारौँ भक्तजनको उल्लेखनीय उपस्थिति देखिएको छ।

नयाँ वर्षको अवसरमा वैशाख १ गते भारतका विभिन्न राज्य तथा नेपालका अन्य जिल्लाबाट आएका श्रद्धालुहरू सलहेस फूलबारीको मेला सम्पन्न गरी दोस्रो दिन पकडियागढ र पतारी पोखरीतर्फ गएका थिए। लहानको मुख्यचोकबाट करिब ८ किलोमिटर उत्तरमा पकडियागढ र १० किलोमिटर दक्षिण-पश्चिममा पतारी पोखरी अवस्थित छन्। यी दुवै स्थलमा परापूर्वकालदेखि धार्मिक मेला लाग्दै आएको छ।

चार दिनअघि नै भारतको बिहारलगायत क्षेत्रबाट आएका हजारौँ भक्तजनहरूले वैशाख १ गते सलहेस फूलबारीमा पूजा-दर्शन गरी भोलिपल्ट बिहान पकडियागढ पुग्ने र त्यसपछि पतारी पोखरी हुँदै फर्किने परम्परा रहँदै आएको छ। यस वर्ष अघिल्ला वर्षहरूको तुलनामा भक्तजनको सहभागिता उल्लेखनीय रूपमा बढेको स्थानीयले बताएका छन्।



***पकडियागढ र सलहेसको ऐतिहासिक सम्बन्ध***

पकडियागढ क्षेत्र लोकनायक सलहेससँग जोडिएको ऐतिहासिक तथा सांस्कृतिक स्थलका रूपमा परिचित छ। किंवदन्तीअनुसार राजा कुलेश्वरको दरबारमा सयौँ चौकीदारमध्ये सलहेस सबैभन्दा वीर र सक्षम थिए। पहलवानीमा अजेय मानिने सलहेसले दरबारमा फैलिएको अराजकता अन्त्य गरी न्याय स्थापना गरेका थिए।

स्वर्गीय नथुनीसिंह दुनुवारद्वारा लिखित 'लोकनायक सलहेस' पुस्तकमा उल्लेख भएअनुसार सलहेसले चुहरमलबाट राजकुमारी चन्द्रवतीलाई उद्धार गरी दरबारमा न्याय स्थापना गरेका थिए। यही पराक्रमका कारण उनलाई लोकनायकका रूपमा मान्यता प्राप्त भएको विश्वास गरिन्छ।

हाल पकडियागढमा भाकल गरेपछि मनोकामना पूरा हुने तथा न्याय प्राप्त हुने जनविश्वासका कारण वैशाख २ गते लाखौँ श्रद्धालु भेला हुने गरेका छन्। सलहेस सर्किटअन्तर्गत सडक स्तरोन्नति तथा चन्द्रवती मन्दिर र धर्मशाला निर्माण भएपछि यहाँ आउने भक्तजनको सङ्ख्या बर्सेनि बढ्दै गएको वडा अध्यक्ष मोहम्मद शमशेरले जानकारी दिनुभयो।

***पतारी पोखरी मेला र धार्मिक आस्था***

पतारी पोखरी कर्णाटक वंशीय राजा हरिसिंह देवसँग सम्बन्धित धार्मिक स्थल हो। पोखरीको दक्षिणी किनारमा अवस्थित गहवरमा प्रत्येक वर्ष वैशाख १ र २ गते श्रद्धालुहरूले भाकलअनुसार पूजाआजा गर्ने परम्परा छ।

यहाँको प्रमुख धार्मिक विधि 'फूलहाइस' हो, जुन वैशाख १ गते राति पुजारीद्वारा सम्पन्न गरिन्छ। साथै, पोखरीमा डुबुल्की लगाएर प्राप्त हुने माछा, सर्प वा गङ्गोटीबाट जन्तर बनाएर आशीर्वाद लिने चलन पनि रहिआएको छ।

विशेषगरी सन्तान नहुने महिलाले पतारी पोखरीमा स्नान गरी फूलहाइसको प्रसाद ग्रहण गरेपछि सन्तान प्राप्त हुने जनविश्वासका कारण यहाँ भारतीय भक्तजनको उल्लेखनीय उपस्थिति रहने गरेको छ।

***पर्यटन प्रवर्द्धनमा लगानी र सम्भावना***

मधेश प्रदेश सरकार र लक्ष्मीपुरपतारी गाउँपालिकाले पोखरीको सौन्दर्यीकरण तथा हरिसिंह देव मन्दिर निर्माणमा उल्लेखनीय लगानी गरेका छन्। गाउँपालिका अध्यक्ष चतुरानन्द ठाकुरका अनुसार पूर्वाधार विकाससँगै धार्मिक पर्यटनको आकर्षण बढ्दो क्रममा छ।

यस वर्ष मेला अवलोकन गर्न प्रतिनिधिसभा सदस्यहरू बब्लु गुप्ता र शिवशंकर यादव पनि स्थलमै पुगेका थिए। उनीहरूले सलहेस फूलबारी, पकडियागढ, मानिकदह, मैसोथा र बालासुन्दरीजस्ता स्थललाई एकीकृत गर्दै 'सलहेस सर्किट'को रूपमा विकास गरी वर्षभरि पर्यटक भित्र्याउने वातावरण निर्माण गरिने विश्वास व्यक्त गरेका छन्।

# सात प्रदेशका मुख्यमन्त्रीसँग प्रधानमन्त्रीले के गरे कुराकानी ?

दैनिक समाचारदाता

काठमाडौं ३ वैशाख । प्रधानमन्त्री बालेन्द्र शाहले बिभिन्न प्रदेशका मुख्यमन्त्रीहरूसँग छलफल गरेका छन् । बिहीबार प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरूसँग छलफल गर्दै प्रदेशमा देखिएका समस्या, विकास निर्माणको अवस्था लगायतका बिषयमा जानकारी लिएका थिए ।

जानकारी गराएको समेत उल्लेख गरे । त्यसैगरी कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेशको समग्र अवस्थाका बारेमा प्रधानमन्त्रीले जानकारी लिएको बताए ।

उनले संविधानले नै प्रदेशलाई अधिकार तोके पनि पछिल्लो समय संघीय सरकारका कतिपय परिपत्रहरु संविधानसम्मत नभएको बिषयमा समेत



स्रोत-साधनको समुचित बाँडफाँड सुनिश्चित गर्ने तथा प्रदेशहरूले भोगिरहेका विभिन्न प्रशासनिक र आर्थिक समस्याहरू समाधान गर्ने विषयमा समेत छलफल भएको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जानकारी दिए । तीन तहको सरकारको समन्वय, सहकार्य र सह-अस्तित्वको विषयमा समेत प्रधानमन्त्री शाहसंग छलफल भएको उनले बताए ।

उनले प्रदेशले पाउने अनुदान यसअघिको भन्दा निकै घट्दै आएको, प्रदेशका गौरव आयोजनाहरुको निर्माण कार्यमा समस्या देखिएको लगायतका बिषयमा प्रधानमन्त्रीलाई जानकारी गराइएको उल्लेख गरे । बिकास निर्माण, प्रशासनीक क्षेत्रमा देखिएका समस्याका बारेमा पनि अवगत गराइएको उनको भनाइ छ ।

बैठकमा कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीहरु भने व्यक्तिगत कारणले अनुपस्थित थिए । देशको वर्तमान आर्थिक अवस्था, पूर्वाधार विकास, सेवा प्रवाहमा सुधार तथा सुशासन कायम गर्ने विषयमा साझा समझदारी निर्माण गर्ने प्रयासका रुपमा मुख्यमन्त्रीहरुसँग छलफल गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# रास्वपा सभापति लामिछानेद्वारा संसद् मर्यादित र सक्रिय बनाउन आग्रह

दैनिक समाचारदाता

काठमाडौं, ३ वैशाख । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले संसद्रुलाई मर्यादित र सक्रिय ढंगले अगाडि बढाउनुपर्ने बताएका छन् ।

संसदीय समितिको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले संसद्को प्रमुख जिम्मेवारी आवश्यक कानुन निर्माण र परिमार्जन गर्नु रहेको बताए । उनले विवेकपूर्ण ढंगले सदन अगाडि बढ्ने विश्वास व्यक्त गरे । उनले सभामुखको भूमिका पनि सकारात्मक रहने अपेक्षा राखे ।



यस वर्ष समाजमा व्याप्त विसङ्गति र बेथितिहरूलाई अन्त्य गर्ने अवसर भएको बताए ।

प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति अस्वाभाविक भएको भन्ने चर्चाका सन्दर्भमा लामिछानेले सबै सार्वजनिक पदमा रहेका व्यक्तिहरू छानबिनको दायरामा रहेको स्पष्ट पारे ।

उनले छानबिन आयोग बनिसकेको र त्यसको कार्यक्षेत्र (टीओआर) भित्र प्रधानमन्त्रीदेखि मन्त्रीहरूसम्म सबै पर्ने बताए ।

# कांग्रेसको आधिकारिकता विवाद हेर्दाहेर्दैमा

दैनिक समाचारदाता

काठमाडौं ३ वैशाख । निर्वाचन आयोगको निर्णयविरुद्ध नेपाली कांग्रेसको संस्थापन पक्षले दायर गरेको रिटमा बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको छ। न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासमा बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको हो।

देउवा पक्षबाट सर्वोच्चमा दुईवटा निवेदन परेका छन्। सुनुवाइ नसकिएपछि दुवै रिट हेर्दाहेर्दैमा राखिएको सर्वोच्च प्रशासनले जनाएको छ।

२६ चैतमा पार्टीको महाधिवेशनको कार्यसूची रोक्न माग गर्दै देउवा पक्षबाट रिट दायर भएको थियो। विवादको टुंगो नलागेसम्म १५ औं महाधिवेशनको कार्यतालिका कार्यान्वयन नगर्न पछिल्लो रिटमा माग गरिएको छ। त्यसअघि पार्टीको आधिकारिकताको विषयरुलाई लिएर रिट दर्ता भएको थियो।



निर्वाचन आयोगले गगन थापा नेतृत्वको कांग्रेसलाई आधिकारिकता दिएपछि देउवा पक्षधरले उक्त निर्णय बदरको माग गर्दै सर्वोच्चमा रिट दायर गरेको हो।

सभापति गगन थापा पक्षले महाधिवेशनको तयारी गर्न थालेपछि त्यसलाई तत्काल रोक्नुपर्ने देउवा पक्षको माग छ। माघ २ गते थापा नेतृत्वको कांग्रेसलाई आधिकारिकता दिने आयोगको निर्णय संविधान,प्रचलित कानुन र कांग्रेसको विधान विपरीत रहेको भन्दै यसलाई बदरको माग गरिएको छ।

निर्वाचन आयोग,गगन कुमार थापा ,विश्वप्रकाश शर्मा ,विशेष महाधिवेशनबाट निर्वाचित भएको भनिएको गगन कुमार थापाको अध्यक्षता भनि नामाकरण गरी प्रचारित गरिएको नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिलाई रिटमा विपक्षी बनाइएको छ।

# महोत्तरीमा आदिवासी जनजाति महोत्सव २०८३ हुँदै

दैनिक समाचारदाता

महोत्तरी ३ वैशाख । आदिवासी जनजातिहरूको संस्कृति संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यले महोत्तरीमा 'आदिवासी जनजाति महोत्सव २०८३' को पाँचौँ संस्करण आयोजना हुने भएको छ।

नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन), जिल्ला समन्वय परिषद् महोत्तरीले बर्दीबास नगरपालिका-१४ मा आयोजना गर्न लागेको यो महोत्सवले सामाजिक एकता सुदृढ गर्नुका साथै सुस्त बनेको व्यापार व्यवसायलाई चलायमान बनाउने र स्थानीय उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

परिषद्ले बर्दीबास-३ गौरीडाँडामा पत्रकार सम्मेलन गर्दै महोत्सवको उद्देश्य जनजातिका ऐतिहासिक परम्परा, संस्कृति र मौलिक ज्ञान-सीपको संरक्षण तथा विकासमा योगदान पुऱ्याउनु रहेको जनाएको छ।

वैशाख ११ देखि २५ गतेसम्म सञ्चालन हुने महोत्सवमा मगर, तामाङ, थारू, दनुवार, भुजेल, राई, नेवार, मण्डल, माझी, गुरुङलगायत १० भन्दा बढी जनजातिका भेषभूषा, रहनसहन, खानपान, कला, संस्कृति र हस्तकलाको प्रदर्शनी गरिनेछ।

परिषद् अध्यक्ष धननारायण जोशीले सांस्कृतिक अतिक्रमणका बीच जनजातिको पहिचान जोगाउन महोत्सव महत्वपूर्ण हुने बताए। उनका अनुसार भाषा, संस्कृति र परम्पराको सम्मानले सभ्यताको संरक्षणमा योगदान पुग्नेछ।

महोत्सव स्थलमा १५० वटा स्टल रहने व्यवस्था गरिएको छ। तीमध्ये १० स्टल जनजातिका प्रदर्शनीका लागि छुट्याइएका छन् भने बाँकीमध्ये १४० स्टल स्थानीय औद्योगिक तथा रैथाने कृषि उत्पादनका लागि निःशुल्क उपलब्ध गराइने जनाइएको छ। साथै स्थानीय व्यवसायीका लागि स्टल शुल्कमा २० प्रतिशत छुट दिइनेछ।आयोजकका अनुसार चौथो संस्करणमा करिब ६० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ। प्रवेश शुल्क ८० रुपैयाँ तोकिएको छ भने विद्यार्थीका लागि ५० प्रतिशत छुट तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ।महोत्सवमा स्थानीय तथा राष्ट्रिय कलाकारहरूको प्रस्तुति रहनेछ भने बालबालिका




र युवाका लागि लन्डन ब्रिज, आइफिल टावर, युनिभर्सल स्टुडियो र बाल उद्यानजस्ता संरचना प्रमुख आकर्षण हुनेछन्। आयोजकले करिब ४० लाख रुपैयाँ आम्दानी र ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरेको छ। बाँकी बचत रकम जनजाति उत्थान तथा सामाजिक कार्यमा खर्च गरिने जनाइएको छ।

महोत्सवलाई शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गर्न सुरक्षा निकायसँग समन्वय गरिएको छ भने आवश्यकताअनुसार स्वयंसेवक परिचालन गरिने आयोजकले जनाएको छ।

# सीमा नीतिबारे..

सदियौँदेखि कायम रहेको सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई स्मरण गर्दै सीमावर्ती क्षेत्रका बासिन्दाको दैनिकी दुवै देशका गाउँहरूबीचको आवत-जावतसँग जोडिएको बताए। "सीमावर्ती क्षेत्रमा बेटीरोटीको सम्बन्ध छ," उनले भने।

मिश्रले विगतमा भारतीय नम्बर प्लेटका सवारी साधनलाई नेपाली सीमासम्म र नेपाली सवारीलाई भारतीय रेल स्टेशनसम्म आवागमनमा सहजता दिइएको उल्लेख गर्दै त्यसलाई अहिले संकुचित गर्न खोजिएको दाबी गरे।

उनले मधेशबाट निर्वाचित जनप्रतिनिधिहरूले पनि सीमा क्षेत्रमा देखिएका समस्याप्रति मौनता साधेको आरोप लगाउँदै प्रश्नसमेत उठाए। साथै, मधेशी समुदायले सदियौँदेखि दसगजाको संरक्षण गर्दै आएको दाबी गर्दै त्यसलाई कमजोर पार्ने कुनै पनि प्रयास असफल हुने चेतावनी दिएका छन्।

### रास्वपाद्वारा सांसद लेवी अनिवार्य

# मन्त्रीलाई १८ हजार, सांसदलाई साढे १६ हजार तोकियो

दैनिक समाचारदाता

काठमाडौं, ३ वैशाख । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्ना मन्त्री तथा सांसदहरूका लागि मासिक लेवी तोक्ने निर्णय गरेको छ।




बिहीबार सिंहदरबारमा बसेको संसदीय दलको बैठकले उक्त प्रस्ताव पारित गरेको मुख्य सचेतक कबिन्द्र बुर्लाकोटीले जानकारी दिएका छन्।

उनका अनुसार सांसदहरूका लागि मासिक १६ हजार ५ सय रुपैयाँ तथा मन्त्रीहरूका लागि १८ हजार रुपैयाँ लेवी तोकिएको छ। त्यसैगरी, स्वकीय कर्मचारीहरूका लागि पनि २ हजार रुपैयाँ लेवी तोक्ने प्रस्ताव पारित गरिएको छ। हालका लागि यो व्यवस्था मन्त्रीका स्वकीय सचिवमा लागू हुनेछ।

सांसदहरूले स्वकीय कर्मचारी राख्ने व्यवस्था कार्यान्वयनमा आएपछि उनीहरूका स्वकीय कर्मचारीहरूका लागि पनि समान रूपमा २ हजार रुपैयाँ लेवी तिर्नुपर्ने व्यवस्था गरिने बुर्लाकोटीले स्पष्ट पारेका छन्।

यस निर्णयसँगै पार्टीभित्र आर्थिक अनुशासन र स्रोत व्यवस्थापनलाई व्यवस्थित बनाउने प्रयास गरिएको बताइएको छ।

# लहान हाटमा तनाव: शिलान्यास अवरुद्ध, चक्काजाम

दैनिक समाचारदाता

सिरहा, ३ वैशाख । सिरहाको लहान नगरपालिका(५ स्थित पुरानो हाटबजारलाई आधुनिक तथा व्यवस्थित संरचनामा रूपान्तरण गर्ने नगरपालिकाको प्रयासविरुद्ध स्थानीय व्यवसायीहरू आन्दोलित भएका छन्।



बिहीबार हाटबजारको स्तरउन्नति तथा व्यावसायिक भवन निर्माण कार्यको शिलान्यास गर्न पुगेका नगरप्रमुख महेश प्रसाद चौधरीको कार्यक्रम व्यवसायीहरूको अवरोधका कारण बिथोलिएको छ।

नगरपालिकाले करिब ४ करोड ४१ लाख रुपैयाँको लागतमा हाटबजारलाई आधुनिक संरचनामा रूपान्तरण गर्ने योजना अघि बढाएको थियो। तर, सोही क्रममा शिलान्यासका लागि पुगेका नगरप्रमुख चौधरीविरुद्ध व्यवसायीहरूले नाराबाजी र होहल्ला गर्दै कार्यक्रम अवरुद्ध पारे। अवस्था तनावपूर्ण बनेपछि नगरप्रमुखको टोली शिलान्यास नगरी फर्किन बाध्य भयो।

नगरप्रमुख फर्किएलगत्तै आक्रोशित व्यवसायी तथा स्थानीयवासीहरूले लहानको नयाँबजार क्षेत्रमा विरोध प्रदर्शन गर्नुका साथै केही समय चक्काजामसमेत गरेका थिए।

व्यवसायीहरूको मुख्य गुनासो विकल्पको व्यवस्था नगरी संरचना निर्माण प्रक्रिया अघि बढाइएको भन्ने रहेको छ। वर्षौंदेखि साना व्यापार गर्दै आएका व्यवसायीहरूले नयाँ भवन निर्माणपछि टेण्डर प्रक्रिया लागू हुँदा आफूहरू विस्थापित हुने त्रास व्यक्त गरेका छन्।

विरोधमा सहभागी व्यवसायी गुडिया खातुनले भनिन्, "हामीलाई पहिले वैकल्पिक व्यवस्था चाहिन्छ। नगरपालिकाले ठूला संरचना बनाएर टेण्डर आह्वान गरेपछि हामीजस्ता साना व्यवसायी कहाँ जाने? हाम्रो रोजीरोटीको सुनिश्चितता नभएसम्म काम अघि बढ्न दिँदैनौं।"

लहान नगरपालिका अन्तर्गतको उक्त हाट जिल्लाकै सबैभन्दा पुरानो, ठूलो र व्यस्त बजारका रूपमा परिचित छ। यहाँ हरेक सोमबार र शुक्रबार ठूलो हाट लाग्ने गर्दछ।

यस विषयमा नगरप्रमुख महेश प्रसाद चौधरीले उत्पन्न विवादलाई संवाद र सहमतिमार्फत समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# सीमा नीति : जनजीवन प्रभावित

दैनिक समाचारदाता

जनकपुरधाम ३ चैत। सरकारले हालै लागू गरेको सीमा नियन्त्रणसम्बन्धी नीतिले सर्वसाधारणको जनजीवन तथा साना व्यवसायमा प्रत्यक्ष असर पारेको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् ।



सरकारले सुरक्षा र राजस्व सङ्कलनलाई प्राथमिकता दिँदै केही सीमा नाकामा कडाइ गरेपछि दैनिक उपभोग्य वस्तुको आपूर्ति प्रभावित भएको छ । भन्सार प्रक्रिया सहज नबनाई साना नाकाहरू बन्द गरिँदा बजारमा कृत्रिम अभाव सिर्जना भएको र मूल्यवृद्धि भएको गुनासो बढेको छ ।

व्यवसायीहरूका अनुसार आपूर्ति शृङ्खला अवरुद्ध हुँदा खाद्यान्न लगायतका अत्यावश्यक वस्तुको मूल्य आकासिएको छ, जसको प्रत्यक्ष भार उपभोक्तामा परेको छ । कागजी रूपमा अवस्था नियन्त्रणमा देखिए पनि व्यवहारमा अनौपचारिक तथा अवैध कारोबार बढ्ने जोखिमसमेत देखिएको उनीहरूको भनाइ छ ।

निर्णय प्रक्रियामा स्थानीय सरोकारवाला र प्रभावित समुदायसँग पर्याप्त परामर्श नगरिएको आरोपसमेत लागिरहेको छ । यसले नीतिनिर्माता र आम जनताबीच दूरी बढाएको विश्लेषकहरू बताउँछन् ।

सरोकारवालाहरूले बन्द रहेका छोटी भन्सारहरू तत्काल सञ्चालनमा ल्याई वैधानिक व्यापारलाई प्रोत्साहन गर्नुपर्ने माग गरेका छन् । सीमा व्यवस्थापन कडाइभन्दा पनि प्रविधिको प्रयोग, पारदर्शिता र प्रभावकारी अनुगमनमार्फत सुधार गर्नुपर्ने सुझाव उनीहरूको छ।

उनीहरूले कुनै पनि नीति लागू गर्नुअघि त्यसले जनजीवन, बजार मूल्य र स्थानीय अर्थतन्त्रमा पार्ने प्रभावको समुचित अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

# रास्वपा संसदीय दलको उपनेता गणेश पराजुली

दैनिक समाचारदाता

काठमाडौं, ३ वैशाख । राष्ट्रिय स्वतन्त्र पार्टीले सांसद गणेश पराजुलीलाई प्रतिनिधिसभा संसदीय दलको उपनेतामा गणेश पराजुलीलाई चयन गरेको छ । काठमाडौं ७ बाट निर्वाचित पराजुलीलाई दलको उपनेता चयन गरेको मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले जानकारी दिए ।



आज बसेको संसदीय दलको बैठकले पार्टीको मुख्य सचेतकमा कविन्द्र बुर्लाकोटी, सचेतकहरूमा प्रकाशचन्द्र परियार र क्रान्तिशिखा धितालललाई चयन गरेको छ ।

रास्वपाको संसदीय दलको नेता प्रधानमन्त्री बालेन शाह हुन् ।










विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४